म.प.बै.सं. २९।०८१

## संवत् २०८१ साल पौष ७ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश नीति आयोग गठन तथा कार्य सञ्चालन ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक मधेश प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश लोक सेवा आयोग, मधेश प्रदेशबाट सिफारिस भई आएका विभिन्न उम्मेदवारहरुलाई स्थायी नियुक्ति गर्ने।

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश निजामती सेवा ऐन, २०७७ लाई संशोधन गर्न बनेको विधेयक २०८१ मधेश प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।

४. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयः जीवनाशक विषादी विक्रेता इजाजतपत्र नवीकरण निर्देशिका, २०८१ स्वीकृत गर्ने।

५. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयः तलबी अध्ययन बिदा स्वीकृत गर्ने।

६. वन तथा वातावरण मन्त्रालयः तलबी अध्ययन बिदा स्वीकृत गर्ने।

७. वन सेवा, जनरल फरेष्ट्री समूह, अधिकृत नवौं तह, डिभिजन वन अधिकृत पदमा स्थायी नियुक्ति भएका मनोज ठाकुरलाई प्रदेश वन निर्देशनालय, मधेश प्रदेशमा पदस्थापन गर्ने।

८. प्रादेशिक अस्पताल, कलैया, बारामा कार्यरत स्वास्थ्य सेवा, ज.हे.स. समूह, अधिकृत एघारौं तहका प्रमुख मेडिकल सुपरिण्टेण्डेण्ट डा. सुनिल प्रसाद कुशवाहा (क.सं.नं.२०४७७४) लाई प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा २५ बमोजिम प्रादेशिक अस्पताल, सिराहामा रिक्त रहेको प्रमुख मेडिकल सुपरिण्टेण्डेण्ट पदमा सरुवा गर्ने।

९. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेश वा अन्तर्गत कामकाजमा खटिई आउनुभएका नेपाल शिक्षा सेवा, पुरातत्व समूहका प्रदेश सचिव श्री दामोदर गौतम (क.सं.नं. १४७१६८) लाई प्रदेश लोक सेवा आयोग, मधेश प्रदेशमा कामकाज गर्न खटाउने।

म.प.बै.सं. ३०।०८१

## संवत् २०८१ साल पौष १६ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. अर्थ मन्त्रालयः मधेश प्रदेश सशर्त अनुदान सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने।

२. शिक्षा तथा संस्कृति मन्त्रालयः विद्यालय नर्सको म्याद थप गर्ने।

३. मधेश प्रदेश सभाको चौथो अधिवेशन आव्हान गर्न माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने।

४. मधेश प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०८० को नियम २९ को उपनियम (१) बमोजिम गृह, सञ्चार तथा कानून मन्त्री माननीय राज कुमार लेखीलाई मधेश प्रदेश सरकारको प्रवक्ता तोक्ने।

५. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, मधेश प्रदेशमा कार्यरत अधिकृत नवौं तहका उपसचिव श्री राजेश कुमार मिश्र (क.सं.नं.१५८८९७) लाई अर्को व्यवस्था नभएसम्मको लागि सो मन्त्रालयको आर्थिक तथा प्रशासनिक अधिकार सहितको निमित्त प्रदेश सचिवको जिम्मेवारी तोक्ने।

६. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ का प्रावधान एवं सोको कार्यान्वयनको सिलसिलामा देखा परेका स्थानीय तहमा कार्यरत कर्मचारीहरुको समस्या समाधानका उपायहरुको अध्ययन एवं विश्लेषण गरी सुधार गर्नुपर्ने विषयहरु तयार गरी सुझाव दिने प्रयोजनका लागि देहायबमोजिमको सुझाव समिति गठन गर्ने।

| | |
|---|---|
| मा. मन्त्री, गृह, सञ्चार तथा कानुन मन्त्रालय | — संयोजक |
| मा. मन्त्री, शिक्षा तथा संस्कृति मन्त्रालय | — सदस्य |
| मा. मन्त्री, वन तथा वातावरण मन्त्रालय | — सदस्य |
| मा. मन्त्री, ऊर्जा, सिंचाई तथा खानेपानी मन्त्रालय | — सदस्य |

म.प.बै.सं. ३१।०८१

## संवत् २०८१ साल पौष २४ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. खेलकुद तथा समाज कल्याण मन्त्रालयः व्यावसायिक तथा सीप विकास तालिम केन्द्र, धनुषा र रौतहटको अस्थायी दरबन्दी सृजना गर्ने।
२. गृह, सञ्चार तथा कानुन मन्त्रालयः गाउँ सभा/नगर सभा/जिल्ला सभा कार्य सञ्चालन (कार्यविधि) पहिलो संशोधन विधेयक, २०८१ को मस्यौदा मधेश प्रदेश सभामा पेश गर्न स्वीकृति दिने।
३. भौतिक पूर्वाधार विकास मन्त्रालयः एक निर्वाचन क्षेत्र एक पक्की पुल निर्माण कार्यक्रम छनौट मापदण्ड, २०८१ स्वीकृत गर्ने।
४. भौतिक पूर्वाधार विकास मन्त्रालयः बेतलबी विदा स्वीकृत गर्ने।
५. शिक्षा तथा संस्कृति मन्त्रालयः प्रादेशिक नमूना विद्यालय विकास एवं सञ्चालन निर्देशिका, २०८१ स्वीकृत गर्ने।
६. जीवन विज्ञान प्रतिष्ठान, काठमाडौंको मिति २०८१।०९।२३ को माननीय मुख्यमन्त्रीज्यूलाई प्राप्त पत्रबाट मधेश प्रदेशका माननीय मन्त्रीहरु, संसदहरु एवं इच्छुक कर्मचारीहरुको लागि श्रद्धेय गुरुदेव एल.पी.भानु शर्माको टोलीले मिति २०८१ पौष २९ गते सोमबार बिहान ७.३० बजेदेखि १०.०० बजेसम्म मधेश प्रदेश सभा कभर्ड हल, जनकपुरधाममा गर्ने स्वजागरण कार्यक्रमको संयोजन, समन्वय एवं समग्र व्यवस्थापन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले मिलाउने।

म.प.बै.सं. ३२।०८१

## संवत् २०८१ साल पौष २९ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः

१. ऊर्जा, सिंचाई तथा खानेपानी मन्त्रालयः दुधमति नदी संरक्षण उच्चस्तरीय समिति र दुधमति नदी उत्खनन् तथा विकास कार्य कार्यान्वयन उपसमिति गठनको अनुमोदन तथा PLMBIS मा दुधमति नदी उत्खनन् तथा विकास कार्य प्रविष्टि गर्ने।
२. गृह, सञ्चार तथा कानुन मन्त्रालयः बलिदानी दिवसमा आर्थिक सहायता दिनको लागि अपुग बजेट माग गर्ने।
३. भौतिक पूर्वाधार विकास मन्त्रालयः विपन्नसंग मदन भण्डारी विपन्न आवास कार्यक्रम, कार्यान्वयन कार्यविधि, २०८१ स्वीकृत गर्ने।

४. शिक्षा तथा संस्कृति मन्त्रालयः प्रदेश स्वयमसेवक शिक्षक परिचालन कार्यविधि, २०८१ स्वीकृत गर्ने।

५. श्रम तथा यातायात मन्त्रालयः श्रम तथा रोजगार सम्बन्धी कार्यक्रमको लागि सेवा करारमा कर्मचारीको पदपूर्ति सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने।

६. श्रम तथा यातायात मन्त्रालयः स्व-रोजगार कार्यक्रम संचालन कार्यविधि, २०८१ स्वीकृत गर्ने।

७. यस प्रदेशका प्रमुख सचिव श्री लोकनाथ पौड्याल मिति २०८१।०९।२८ देखि अनुपस्थित रहनु भएकोले अर्को व्यवस्था नभएसम्मको लागि प्रमुख सचिवले निर्वाह गर्नुपर्ने कानून बमोजिमको काम, कर्तव्य र अधिकार प्रयोग गर्ने गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रदेश सचिव श्री जय कुमार घिमिरेलाई निमित्त प्रमुख सचिवको जिम्मेवारी तोक्ने।

८. गुठी संस्थानको पूर्ण स्वामित्वमा रहेको धनुषा जिल्ला जनकपुरधाम उ.म.न.पा. वडा नं. १४ स्थित कि.नं. १, १४,२८,५०,६९,८१ र ८३ का कूल क्षेत्रफल १७-१६-११-२ विगाहा जग्गा मध्येको क्षेत्रफल १६-१७-१९-१ विगाहा जग्गा श्री राम जानकी बहुउद्देशीय अन्तराष्ट्रिय रंगशाला निर्माण गर्ने प्रयोजनका लागि प्रचलित कानून अनुसार बहाल करारमा लिन खेलकुद तथा समाज कल्याण मन्त्रालयले आवश्यक प्रक्रिया अगाडि बढाउने।

९. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंको च.नं. ४०९, मिति २०८१।०५।१२ को पत्रबाट सो मन्त्रालयको मिति २०८१।०५।११ को निर्णयानुसार मधेश प्रदेश वा अन्तर्गत कामकाजमा खटिई आउनुभएका प्रमुख कन्सल्टेण्ट अब्सट्रेटिक्स तथा गाइनोलोजिष्ट (एघारौं तह) डा. राम नरेश पंडित (क.सं.नं. १७०५१८) लाई खटिएकै निकायबाट तलब भत्ता भुक्तानी हुनेगरी मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रादेशिक अस्पताल जनकपुरधाममा कामकाज गर्न खटाउने।

१०. प्रत्येक वर्ष माघ ३ गते मनाइने मधेश स्वाभिमान दिवस यस वर्ष पनि हर्षोल्लासका साथ मनाउन गृह, सञ्चार तथा कानून मन्त्रालयले मधेश प्रदेश अन्तर्गतका सबै मन्त्रालय तथा निकायमा पत्राचार, समन्वय एवं आवश्यक अन्य व्यवस्था मिलाउने।

११. मिति २०८१ माघ १० देखि १७ गतेसम्म पोखरामा हुन लागेको ३३ औं राष्ट्रिय औद्योगिक व्यापार मेला एवं आई टि महोत्सव २०८१ मा मधेश प्रदेशको तर्फबाट प्रदेशको पहिचान झल्किने स्टल सहित सहभागिताका लागि उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालले आवश्यक व्यवस्था मिलाउने।

१२. मधेश प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८१।०९।०७ को निर्णयानुसार स्थायी नियुक्ति हुनुभएका विभिन्न कर्मचारीहरुलाई पदस्थापन गर्ने।